लक्ष्मीनियाँ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

प.स.:- २०८२/०८३
च.नं. :- सूचना

मिति: २०८२।०८।०५

**निजी जग्गामा वृक्षारोपणको लागि अनुदान सम्बन्धि सूचना(दोश्रो पटक)**
(प्रथम पटक सूचना प्रकाशन मिति २०८२।०७।१६)

प्रस्तुत विषयमा यस लक्ष्मीनियाँ गाउँपालिका,धनुषा बाट आ.व. २०८२०८३ मा सञ्चालन हुने समृद्धिका लागि वन परियोजना तर्फको वार्षिक स्विकृत क्रियाकलाप योजना अन्तर्गत " निजी जग्गामा लैङ्गिक सुविधा सहितको वृक्षारोपण /कृषि वन स्थापनाको लागि " अनुदान कार्यक्रम सञ्चालनको लागि वृक्षारोपण अनुदान निर्देशिका ,२०७९(प्रथम संशोधन २०८१) मा तोकिएको प्रजातिहरु वृक्षारोपण गर्न(संख्या कम्तीमा १०० बिरुवा नघट्ने गरि) ईच्छुक व्यक्ति/कृषि सहकारी/कृषि वन समुह तथा कृषक समुहहरुलाई यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति २०८२।०८।२५ गत्ते सम्म यस गाउँ कार्यपालिकाको कार्यालयमा तपसिलका कागजातहरु संलग्न गरि दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजात/प्रमाणहरु

१. निवेदन(वृक्षारोपण गर्ने प्रजाति र संख्या खुलाई)
२. नेपाली नागरिकताको प्रतिलिपि
३. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
४.समुह/कृषि सहकारी/कृषि फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि
५. समुह बैठकको निर्णयको प्रतिलिपि

द्रस्टव्य: वृक्षारोपण अनुदान निर्देशिकामा तोकिए बमोजिम वृक्षारोपण कार्यक्रमको अनुगमन प्रतिवेदन पश्चात निजी जग्गामा कृषि वन स्थापनाको हकमा अनुदान रकम किसानहरुलाई प्रदान गरिनेछ । प्रस्ताव पेश गर्दा सोही अनुसार लगानी योजना पेश गर्नुपर्नेछ ।

पुनस्च: विस्तृत जानकारीको लागि लक्ष्मीनियाँ गाउँपालिकाका वन प्राविधिक श्री कौशलेन्द्र कुमार झा संग मो.नं. ९८६१९८०८२३ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

राजगिर महतो
(प्रमुख प्रशासकीय अधिकृत)